नेपाल सरकार
# परराष्ट्र मन्त्रालय
काठमाडौं, नेपाल

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

प.सं. GA/PA/०८२/८३
च.नं.३७७१

सामान्य प्रशासन महाशाखा
मितिः २०८२/०७/३०

श्री विदेशस्थित सबै नेपाली नियोगहरु,

**विषयः सूचना प्रकाशन सम्बन्धमा।**

उपर्युक्त विषयमा सार्वजनिक ऋण व्यवस्थापन कार्यलयबाट मिति २०८२/७/२५ गते प्रकाशन भएको वैदेशिक रोजगार बचत पत्र-२०८७ NPFB05002087 निष्कासन सम्बन्धी सूचना तहाँ नियोगको वेवसाइटमा प्रकाशित गर्नुका साथै तहाँस्थित गैरआवासीय नेपाली संघ तथा अन्य उपयुक्त संस्था एवम् माध्यमबाट सम्बन्धित सरोकारवालाहरुको जानकारीका लागि सम्प्रेण गरिदिन अनुरोध गर्दै उक्त कार्यालयबाट प्राप्त च.नं. ३७८, मिति २०८२/७/२५ को पत्र तथा सोसाथ संलग्न सूचनाको प्रतिलिपि तहाँको जानकारी तथा आवश्यक कार्यार्थ यसै पत्रसाथ पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ।

(कपिलमणि घिमिरे)
शाखा अधिकृत

<u>बोधार्थः</u>
श्री सार्वजनिक ऋण व्यवस्थापन कार्यलय
त्रिपुरेश्वर, काठमाडौं।

सिंहदरबार, काठमाण्डौ, फोन नं. ४२००१८२-८६,फ्याक्स नं. ४२००१६०/४२००१६१
Website: www.mofa.gov.np, Email: info@mofa.gov.np

नेपाल सरकार

अर्थ मन्त्रालय

# सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

त्रिपुरेश्वर काठमाडौं

प.सं.:२०८२/०८३

च.न. ३६८

मितिः२०८२/०७/२५

**विषय- सूचना प्रकाशन सम्बन्धमा।**

श्री परराष्ट्र मन्त्रालय

सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०८२/०७/२५ गते प्रकाशन भएको वैदेशिक रोजगार बचत पत्र-२०८७ NPFB05002087 निष्कासन सम्बन्धी सूचना थान-१ यसै साथ संलग्न गरी पठाईएको छ। उक्त सूचना नेपाली नागरिक रोजगारीमा रहेका श्रम गन्तब्य मुलुकमा अवस्थित नेपाली नियोगहरुको website मा प्रकाशित गर्नुका साथै तहाँस्थित गैर आवासीय नेपाली संघ तथा अन्य उपयुक्त संस्था एवं माध्यमबाट सम्बन्धित सरोकारवालहरुको जानकारीका लागि सूचना संप्रेषण गर्ने व्यवस्था गरिदिनहुन सादर अनुरोध छ।

परराष्ट्र मन्त्रालय दर्ता नं. 7897
महाशाखा : CAWAA GA NASA PPRD SA ED IOIL NEA PRO SEAP EUR LMD PD ROD UN
सचिव :
मिति :

(प्रकाश पुडासैनी)

उप सचिव

बोधार्थ:

श्री अर्थ मन्त्रालय

आर्थिक नीति विश्लेषण महाशाखा, सिंहदरबार।

प्रशासन
आवश्यक कार्यार्थ
७/२८

श्री डाँगी
६/२०

नेपाल सरकार
अर्थ मन्त्रालय
**सार्वजनिक ऋण व्यवस्थापन कार्यालय**
त्रिपुरेश्वर, काठमाण्डौ

## वैदेशिक रोजगार बचतपत्र – २०८७ (NPFB05002087) निष्काशन सम्बन्धी सूचना

प्रकाशित मितिः २०८२/०७/२५

यस कार्यालयबाट देहायबमोजिमका विशेषता रहेको वैदेशिक रोजगार बचतपत्र – २०८७ (NPFB05002087) निष्काशन गरिने भएकोले वैदेशिक रोजगारीमा संलग्न नेपाली नागरिक तथा गैर-आवासीय नेपाली बाट बचतपत्र खरिदको लागि आवेदन आव्हान गरिएको छ।

### १. विशेषताहरू

| | | |
|---|---|---|
| क) बचतपत्रको नाम | : | वैदेशिक रोजगार बचतपत्र-२०८७ (NPFB05002087) (५ वर्षे) |
| ख) निष्कासन हुने रकम | : | रु. ५०,००,००,०००।० (अक्षरेपी पचास करोड मात्र) |
| ग) वार्षिक ब्याजदर | : | ७.५ प्रतिशत |
| घ) ब्याज भुक्तानी | : | ६/६ महिनामा सम्बन्धित खरिदकर्ताको बैंक खातामा भुक्तानी हुने। (आयकर लाग्ने) |
| ङ) खरिद गर्न पाउने सीमा | : | घटीमा रू. दश हजार र बढीमा कुल निष्कासित रकमको सीमामा नबढाई रु. दश हजारले भाग गर्दा निःशेष भाग जाने अंकमा। |
| च) लगानी (खरिद) कर्ता | : | यो बचतपत्र मुलुक बाहिर रोजगारीमा संलग्न वा मुलुक बाहिरको रोजगारीबाट फर्केको ६ महिना नपुगेका नेपाली नागरिक वा गैर-आवासीय नेपालीले आफु वा आफ्नो परिवारको सदस्य (बुवा, आमा, श्रीमान्, श्रीमती, छोरा, छोरी मात्र) को नाममा खरिद गर्न सक्ने। |
| छ) दोस्रो बजार तथा धितो सम्बन्धी सुविधा | : | यो बचतपत्र धितो राखी बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन/दिन सकिने र कार्यालयले प्रयोगमा ल्याएको **DOMS** र **Investor Portal** बाट दोस्रो बजार कारोबार गर्न सकिने। |

### २. बिक्री, निष्कासन र साँवा भुक्तानी

| | | |
|---|---|---|
| क) बिक्री खुला हुने अवधि | : | २०८२ कार्तिक २५ गते बिहान १० देखि २०८२ मंसीर २५ गते अपरान्ह ४ बजेसम्म *(कुल निष्कासित रकम बराबर आवेदन प्राप्त भएपछि अन्तिम मिति अगावै बचतपत्रको बिक्री बन्द हुनेछ।)* |
| ख) निष्काशन मिति | : | २०८२ मंसीर २८ गते (ढिलोमा) |
| ग) साँवा भुक्तानी मिति | : | २०८७ मंसीर २८ गते |

### ३. अन्य व्यवस्था

| | |
|---|---|
| क) आवेदन फारम भर्ने तथा बुझाउने प्रक्रियाः | मिति २०८२ कार्तिक २५ गतेदेखि इच्छुक खरिदकर्ताले यो बचतपत्र खरिद गर्नको लागि यस कार्यालयको वेबसाइट www.pdmo.gov.np अन्तर्गत रहेको Investor Portal वा https://investor.doms.gov.np बाट अनलाइन आवेदन प्रक्रिया अनुसार बचतपत्रको आवेदन पेश गर्न सक्ने र पेश गरेको |

आवेदन खरिदकर्ताको बजार निर्माताले रुजु गरी स्वीकृत गर्ने व्यवस्था गरिएको।

ख) खण्डित अवधिको ब्याजः
बजार निर्माताले आवेदकको खाता रूजु गरी आवेदन गरिएको रकम निष्कासन मितिसम्म रोक्का राख्नु पर्नेछ र निष्कासन मितिमा मात्र सम्बन्धित आवेदकको खाताबाट रकम खर्च गरिने भएकोले खण्डित अवधिको ब्याज रकम भुक्तानी दिइने छैन।

ग) बचतपत्रको किसिमः
स्टकको रुपमा जारी हुने।

घ) आवेदन रकम भुक्तानी विधिः
यो बचतपत्र निष्कासन हुने मितिमा बजार निर्माताबाट आवेदकको खातामा रोक्का रहेको रकम एकमुष्ठ नेपाल सरकारको वित्तीय आम्दानी खातामा जम्मा गरिने।

ङ) आवेदन साथ पेश गर्नुपर्ने कागजातः

१. कार्यरत मुलुकको प्रवेशाज्ञा (प्रवेशाज्ञा आवश्यक पर्ने मुलुकको लागि),
२. खरिद गर्न चाहेको रकम बराबरको विदेशी मुद्रा नेपालमा भित्रिएको प्रमाण र
३. आवेदन बराबरको रकम आफ्नो बैंक खाताबाट खर्च गर्न स्वीकृति दिएको अनुसूची-३ (कार्यालयको Website मा रहेको) बमोजिमको ढाँचामा अख्तियारी पत्र *https://investor.doms.gov.np* मा अनिवार्य रुपमा **Upload** गर्नुपर्ने,
४. परिवारको नाममा खरिद गर्न चाहेमा नाता खुल्ने कागजात।

(**Upload** गर्ने कागजात ***PDF,JPG वा JPEG*** को **Format** मा हुनुपर्ने र प्रत्येक कागजात **५ MB** भन्दा कम हुनुपर्ने ।)

च) आवेदन अस्वीकृत हुन सक्नेः
रीतपूर्वक पेश नभएका वा आवश्यक कागजात पेस नगरेका आवेदनकर्ताको आवेदन अस्वीकृत हुन सक्ने।

छ) बाँडफाँट सम्बन्धी व्यवस्थाः

१. सूचनामा तोकिएको अवधिभित्र पहिलो निवेदकले पहिलो पाउने प्रक्रियाबाट बाँडफाँट गरिने।
२. ऋणपत्र निष्कासन तथा सञ्चालन समितिको निर्णय बमोजिम बाँडफाँट तथा निष्कासन गरिने।

ज) प्रमाणपत्र सम्बन्धी व्यवस्थाः
खरिदकर्ताको Investor Portal मा रहेको Dashboard मा Digital रूपमा उपलब्ध हुने।

झ) अन्य व्यवस्थाः
यो बचतपत्र खरिद/बिक्री सम्बन्धी अन्य व्यवस्था सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९, सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० र ऋणपत्र निष्कासन तथा सञ्चालन समितिको निर्णय बमोजिम हुने।

ञ) थप जानकारीः
थप जानकारीका लागि यस कार्यालयको फोन नं. ०१-४५३८३५९ वा यस कार्यालयको इमेल ठेगाना investorsupport@pdmo.gov.np मा सम्पर्क गर्न सकिने।

नेपाल सरकार
अर्थ मन्त्रालय
सार्वजनिक ऋण व्यवस्थापन कार्यालय
त्रिपुरेश्वर, काठमाडौं